# ७

# पश्चिम सेती आयोजना: सरोकारका केही सवालहरू

विशेषज्ञहरूका अनुसार पश्चिम सेती आयोजना नेपालको विद्युत प्रणालीलाई सुहाउँदो, सबैभन्दा राम्रो र आकर्षक बहुउद्देश्यीय आयोजनाहरू मध्येको एक हो । बहुउद्देश्यीय आयोजना भन्नाले एउटै आयोजनाबाट बिजुली पनि निस्कने, बाढी पनि नियन्त्रण हुने र सिँचाइ पनि हुन सक्ने आयोजना भन्ने बुझिन्छ । यस आयोजनाबाट ७५० मेघावाट बिजुली उत्पादन गर्ने लक्ष्य राखिएको छ । यसबाट प्राप्त हुने पानीबाट घटीमा असी हजार हेक्टरदेखि बढीमा एक लाख असी हजार हेक्टरसम्म जमिन सिँचाइ हुन सक्छ ।

यस आयोजनाको बाँधको उचाइ जगबाट २२० मिटर र नदीको सतहबाट १८७ मिटर हुनेछ । यसले कम्तीमा पनि २ हजार ८ सय ३४ हेक्टर जमिन डुबानमा पार्नेछ । डुबानका कारण बझाङका धुनगढ, थलरा, लेखाम र देउरा जस्ता गाउँहरू डुब्नेछन् र करिब ५ हजार जनता विस्थापित हुनेछन् ।

अहिले यस जलविद्युत आयोजना निर्माण गर्ने र सञ्चालन गर्ने सम्बन्धमा श्री ५ को सरकार र अष्ट्रेलियाको स्नोई माउन्टेन कर्पोरेशन लिमिटेड (स्मेक) बीच एउटा सम्झौता भएको छ । यसले स्थानीय तथा राष्ट्रिय रूपमा केही गम्भीर सरोकारका सवालहरू सृजना गरेको छ ।

## मुख्य सरोकारका सवालहरू

### *सूचनाको हक*

पश्चिम सेतीसँग सम्बन्धित सम्पूर्ण सम्झौता, प्रतिवेदन, सूचना र अन्य कागजपत्रहरू स्थानीय जनतालाई उनीहरूले बुझ्ने भाषामा आयोजना निर्माण कार्य शुरु हुनुभन्दा पहिले नै उपलब्ध गराउनु पर्दछ । तर अहिलेको सम्झौतामा आयोजनासँग सम्बन्धित कुनै पनि गोप्य कुरा, प्रतिवेदन, कागजपत्र, तथ्याङ्क वा सूचना कानून बमोजिमबाहेक वा श्री ५ को सरकार र स्मेकको सहमतिविना अरू कसैलाई पनि दिइने वा सार्वजनिक गरिने छैन ।

*विकास,* ६(१०): २१-२३, असोज २०५४ मा प्रकाशित ।

## *जन सहभागिताको प्रश्न*

यसरी उपलब्ध गराइएका आधारमा आयोजनाबाट स्थानीय जनतालाई स्थानीय विकासमा प्रत्यक्ष रूपमा हुने फाइदा तथा बेफाइदाका विभिन्न पक्षमा स्वतन्त्र तथा निष्पक्ष रूपमा छलफल, अन्तर्क्रिया र सार्वजनिक सुनुवाइका कार्यक्रमहरू गरिनुपर्दछ । आयोजनाको अध्ययन, निर्माण र सञ्चालनको सम्पूर्ण अवधिभरि उनीहरूलाई निर्णायक तहमा नै सक्रिय तथा प्रत्यक्ष सहभागी गराइनु पर्दछ । यसमा स्थानीय जननिर्वाचित निकाय र तिनका पदाधिकारी, प्रतिनिधिमूलक स्थानीय गैर सरकारी तथा सामुदायिक संस्था र व्यक्तिहरूलाई पहिलो प्राथमिकता दिई समावेश गरिनु पर्दछ । पैसा र जागिरको लोभ देखाएर आयोजनाका पक्षमा अन्ध समर्थन जुटाउने कार्य गर्न अब पाइँदैन । अहिलेको सम्झौतामा यसबारेमा केही उल्लेख गरिएको छैन ।

## *वातावरण संरक्षणको हक*

भविष्यमा आयोजना निर्माणसम्बन्धी कुनै पनि कार्य गर्नुभन्दा पहिले पश्चिम सेती आयोजनाका कारण डुबानमा पर्ने, सुख्खामा पर्ने तथा प्रत्यक्ष एवं अप्रत्यक्ष रूपमा प्रभावित हुने सम्पूर्ण क्षेत्रको वातावरणीय तथा सामाजिक प्रभावको अध्ययन र मूल्याङ्कन गर्नुपर्दछ । यसरी अध्ययन र मूल्याङ्कन गर्दा अघिल्ला दुई बुँदामा उल्लेख भएका कुराहरू पहिले पूरा गरेको हुनुपर्दछ । पहिलेजस्तो कोठामा बसेर यस्तो प्रतिवेदन तयार गर्न पाइँदैन । स्थानीय प्रभावित जनताहरूलाई यस्तो अध्ययनमा पूर्णरूपमा संलग्न गराइनु पर्दछ । तब मात्र आयोजनाका सकारात्मक र नकारात्मक पक्षका बारेमा ठोस निष्कर्ष निस्कन सक्छ ।

## *न्यायोचित मुआब्जा, क्षतिपूर्ति र पुनर्स्थापनाको हक*

आयोजनाको लागि आवश्यक घर जग्गा अधिग्रहण गर्दा त्यसमा सम्बन्धित गाउँ विकास समिति र प्रभावित व्यक्तिहरूको पनि स्वतन्त्र प्रतिनिधित्व हुनुपर्दछ । अनि मात्र मुआब्जा निर्धारण गरिनु पर्दछ । मुआब्जा निर्धारण र वितरणमा धाँधली र भेदभाव गर्न पाइँदैन । मुआब्जा दिँदा घर-जग्गा माग्नेलाई घर-जग्गा नै दिनु पर्दछ । नगद दियो भने त्यो पैसा त्यत्तिकै सकिन्छ र विस्थापित परिवारहरू सुकुमबासी हुने गरेका उदाहरणहरू देशभरि नै छन् । कसैलाई पनि जबर्जस्ती उठाउन र विस्थापित गर्न पाइँदैन । सम्बन्धित परिवार र व्यक्तिको पूर्वसहमति लिनु पर्दछ । विकास आयोजनाका लागि आफ्नो जन्म स्थान र पुस्तैनी घर जग्गा सधैँका लागि गुमाएबापत उनीहरूलाई कम्तीमा पनि अन्यत्र लैजाँदा पहिलेको आर्थिक तथा सामाजिक स्थिति र स्तरभन्दा कमजोर हुन नदिनु नै यस्तो जग्गा अधिग्रहण, मुआब्जा, क्षतिपूर्ति र पुनर्स्थापनाको उद्देश्य हो । यसलाई नाघ्ने र मिच्ने काम कुनै हालतमा पनि गर्न पाइँदैन । (...)

## *स्थानीय आदिवासी र जनजातिको हक*

आयोजनाबाट प्रभावित हुने वर्गमा कुनै आदिवासी, जनजाति, मछुवार आदि रहेछन् भने उनीहरूका निमित्त आयोजनाले विशेष व्यवस्था गर्नु पर्दछ। भरसक उनीहरूलाई आफ्नो ठाउँबाट उठाउन पाइँदैन। उनीहरूको परम्परागत हक अधिकार र संस्कृतिमा प्रतिकूल असर पार्न पाइँदैन।

## *पानीमाथिको हक*

अरू कतिपय कुरा मानिसलाई नभए पनि हुन्छ; बाटो र बिजुली अलिक पछि भए पनि हुन्छ। तर पानी नभई कोही पनि बाँच्न सक्दैन। तसर्थ आज विश्वमा भइरहेको जनमुखी विकास अभियानको मुख्य उद्देश्य पनि स्थानीय तहमा उपलब्ध नदीनाला र पानीमाथिको पहिलो अधिकार एवं स्वामित्व स्थानीय जनताका लागि कायम गराइराख्नु पनि हो। तर पश्चिम सेतीमा भएको सम्झौताअनुसार सेती नदीमाथिको पानीको हक स्थानीय जनता र स्वयं राष्ट्रले समेत गुमाइसकेको छ। आज संसारभरि पानीको महत्व झन् झन् बढिरहेको छ। काठमाडौंमा मानिसहरू ढल मिसिएको पानी खाइरहेका छन् भने हुनेखाने, भ्रष्टाचार गर्ने र विदेशीका दलाली गरेका कारण पुष्ट पैसा कमाउनेहरू लखनउदेखि ल्याएको पानीलाई एक बोतलको पच्चीस रुपियाँसम्म तिरेर खाइरेहका छन्। अब पश्चिम सेती क्षेत्रका जनताको हालत पनि भविष्यमा यस्तो नहोला भन्न सकिन्न। बाँध स्थलभन्दा माथिका जनताले खानेपानी र सिँचाइका लागि पश्चिम सेतीको पानी बिनाअनुमति प्रयोग गर्न नपाउने भएका छन्। पश्चिम सेतीमा मिसिने खोला नालाको पानीमाथि पनि स्मेकको हक लाग्ने भएको छ। भविष्यमा समेत नेपालले पश्चिम सेतीमा कुनै पनि अन्य आयोजनाहरू सञ्चालन गर्न नपाउने भएको छ। तर पश्चिम सेती आयोजनाबाट प्रभावित क्षेत्रका जनतालाई आवश्यक पर्ने खानेपानी र सिँचाइको सुविधाको हकबाट कुनै पनि अवस्थामा बन्देज लगाउन पाइँदैन। (...) ♦